"समृद्ध राप्ती नगरको आधार, कृषि, पर्यटन र पूर्वाधार"

# समृद्ध राप्ती
## ई–बुलेटिन

२०८१ जेठ २८ गते सोमवार
Mon , Jun 10 2024
• वर्ष–१ | • अंक–१०

Email :rraptimunicipality42@gmail.com

समृद्ध राप्ती - ई बुलेटिन
web : www.raptimunchitwan.gov.np
SAMBRIDHHA RAPTI - E-bulletin


श्री शमशेर लामा
नगर प्रमुख
सम्पर्क : ९८५५०६२२३२


श्री देवेन्द्र लामा
नगर उप प्रमुख
सम्पर्क : ९८५५०५०६१०


श्री शैलेन्द्र भण्डारी
प्रमुख प्रशासकीय अधिकृत
सम्पर्क : ९८५५०४३१११


श्री दिपक थिङ
सूचना अधिकारी
सम्पर्क : ९८६०८३६३९४

# जनतासंग मेयर
# गन्तव्य नपुगिइ बाटो बाट फर्कने सार्वजनिक सवारीलाइ कारवाहि




राप्ती । लोथर नारायणगढ चल्ने सार्वजनिक यातायात विच वाटो वाट फर्कन नपाउने भएको छ । बुधवार राप्ती नगरपालिकाका मेयर शमशेर लामाले यातायात व्यवसायीलाइ छलफलमा बोलाएर असार १ गते वाट अन्तिम गन्तव्य सम्म नियमित आवात जावत गर्नुपर्ने कुरामा जोड दिदै नियम भन्दा बाहिर गए कारवाहि गरिने बताए । उनले पहिलो गल्तीमा १ दिन सवारी चलाउन नपाउने, दोस्रो गल्तिमा ३ दिन र तेस्रो पटक पनि विच वाटो बाटै फर्किएमा ५ दिन सम्म सवारी चलाउन नदिने उनले बताए । चौथ्यो पटक वाट गल्ति गरेको पाएमा कारवाहिको दायरा बढ्ने बताए ।

सार्वजनिक यातायातले सामाजिक उत्तर दायित्वमा हेल्चेक्राइ गरेको भन्दै यातायात व्यवसायीलाइ सो कुरामा समेत ध्यानाकर्षण भएको थियो । मेयर लामाले विद्यार्थी छुट, ज्येष्ठ नागरिकलाइ छुट र आरक्षणका सिटको व्यवस्थापनमा ध्यान दिन समेत उनले निर्देशन दिएका छन । अहिले बजारमा पुराना मोडलका सवारी साधन चलेको भन्दै पुराना गाडी र मापदण्ड भन्दा बाहिर का गाडीलाइ कम गर्नुपर्ने बताए । सार्वजनिक यातायातमा जनताले दुख पाएको गुनासो आएपछि राप्तीका मेयर शमशेर लामाले चासो दिएका हुन । नारायणगढ देखि लोथर सम्मको यात्रामा जनताले दुख पाएको यातायात चालक र सह चालकले अव्यवहारिक व्यवहार देखाएको भन्दै गुनासो गरेका हुन । जनतासंग मेयर कार्यक्रम अन्र्तगत यातायात व्यवसायी र सुरक्षा निकायसंग मेयर लामाले छलफल गरेका हुन ।

लोथर नारायणगढ चल्ने ५ वटा सार्वजनिक यातायातका समितीको सहभागिता रहेको थियो । अन्र्तक्रियामा चितवन छहारी समितिका अध्यक्ष बद्रि प्रसाद पौडेलले गन्तव्य सम्म नपुग्ने यातायात र चालकलाइ कारवाहि गर्ने प्रतिवद्धता गरे । उनले अहिलेको सिन्डकेट कम हुनुपर्ने कुरामा समेत जोड दिए । सार्वजनिक ओमशान्ती समितीका तर्फ वाट नारायण राइले म्याजिकको र मिनि वसको दुवैको बसपार्क हुनुपर्ने कुरामा जोड दिए । भतरपुर महानगर समितिका महासचिव कृष्ण लामिछानेले जनतालाइ सहज सेवा प्रदान गर्नुपर्ने कुरामा जोड दिए । अर्का सहभागि खेम बहादुर आलेले गन्तव्य सम्म नपुग्ने चालकको लागी विभागिय कार वाहि हुने र यस विषयमा समिति पनि सचेत रहने उनले बताए । जनता आफै पनि जागरूक भएर जहा समस्या पर्छ त्यहि नै रहेका प्रशासन वा समितिलाइ आषनो कुरा राख्न अनुरोध गरे ।

अस्थायी ट्राफिक प्रहरी पोष्ट भण्डार ाका प्रमुख बिमल भण्डारीले नियममा रहेर जनताको सेवामा लाग्नु पने प्रतिष्पर्धामा नहिड्न अनुरोध गरे । सामान्य समस्या आउदा समाधान गर्न समेत गाह्रो हुने गरी प्रतिष्पर्धा गर्न नहुने उनको भनाइ रहेको छ । इलाका प्रहरी कार्यालय भण्डारा प्रमुख भरतराज गिरीले स्पिडमा सवारी चलाउन नहुने भन्दै सचेत र हन अनुरोध गरे । विद्यालय समय , अन्य व्यस्त हुने समयमा मुख्य राजमार्गमा समेत सवारीको गति बढी हुन नहुने उनको भनाइ रहेको थियो ।

राप्तीका जनताले सडक दुर्घटना तथा यात्रीलाइ दुखेसो बढेको भन्दै यसलाइ कम गर्न समेत अनुरोध गरेका हुन ।

# पिपुल्स पार्क राप्ती नगरकै गहना हो

राप्ती । राप्ती नगरपालिका वडा नं ९ पानीसराढापमा निर्माण गरिएको पिपुल्स पार्कमा शनिबार एकसिंगे गैंडाको प्रतिमा अनावरण गरिएको छ ।
अमृतधारा पानी सामुदायिक वनमा रहेको पार्कमा स्थानीय सतिमाया पुनले व्यक्तिगत लगानीमा गैंडाको प्रतिमा निर्माण गरेकी थिइन् । राप्ती नगर पालिकाका मेयर शमशेर लामाले एक औपचारिक कार्यक्रमका बीच गैंडाको प्रतिमा अनाबरण गरेका छन् । पर्यापर्यटनको विकास गर्ने उद्देश्यले प्रदेश सरकार, स्थानीय सरकार, स्थानीय समुदाय, सामुदायिक वनको सयुक्त लगानीमा पार्क निर्माण गरिएको हो ।
सो अबसरमा मेयर लामाले पार्क परिसर मा बाँकी रहेका पूर्वाधार निर्माणको लागि आगामी आर्थिक बर्षमा बजेट विनियोजन गर्ने बताए । पिपुल्स पार्क राप्ती नगरकै गहना रहेको भन्दै यसलाई नमुना पार्कको रुपमा विकास गरी पर्यटक भित्र्याउने उनको भनाई छ । समुदायले अपनोत्व लिएर निर्माण गरिएको पार्कले स्थानीय समुदायको आयआर्जनमा समेत टेवा पुग्ने भन्दै उनले यसको प्रचारप्रसार र सेवा सुविधा थपमा ध्यान केन्द्रीत हुनुपर्ने बताए । वडा नं ९ का वडाध्यक्ष खड्गबहादुर तामाङले पार्कमा बाँकी रहे का पूर्वाधारहरु एक बर्ष भित्र पुरा गरी पूर्णरूपमा सञ्चालन गरिने बताए ।

# स्थानीय सरकारले अभिभावकको झल्को मेटाएको भन्दै शहिद परिवार खुशि




राप्ती । राप्तीका मेयर शमशेर लामाले शहिद परिवारलाइ
रोजगार सिर्जनाको लागी शिप मुलक तालिमको व्यवस्थापन गर्ने बताएका छन । जनतासंग मेयर कार्यक्रम अर्न्तगत शहिद परिवारलाइ सम्मान गर्ने कार्यक्रम अर्न्तगत उनले शहिद परिवारलाइ आय आर्जनको बाटो तर्फ लाग्नको लागी प्रेरित गरिने उनले बताए । केहि शहिद परिवार लाइ रोजगार र आय आर्जनको लागी व्यवस्थापन भएता पनि सबै मा बराबरी पहुच नपुगेको भन्दै मेयर लामाले आगामी दिनमा यस बिषयमा ध्यान दिएर बजेट तयार पारिने बताए । उनले शहिद परिवारका लागी आय आर्जनको तालिम तथा रोजगार सिर्जनाको लागी नगरपालिका सकरात्मक रहेको उनले बताए । घरघरमा सम्मान कार्यक्रम लिएर मेयर आफै पुग्दा शहिद परिवारले रोजगार र आयआर्जनको लागी आवश्यक पहल दिन माग गरेका थिए । अधिकांशको घरको मुलिनै शहिद भएपछि परिवारको विचल्ली भएको भन्दै रोजगार सिर्जना भए सजिलो हुने बताए । धेरै परिवारमा आम्दानीको
श्रोत कमि भएको र व्यवहार चलाउन समेत गाह्रो भएको भन्दै शहिद परिवारले रोजगार सिर्जना
गरिदिन अनुरोध गरेका थिए । सम्मान ग्रहण गदै शहिद परिवारले आफुहरूले अभिभावक गुमाए पनि स्थानीय सरकारले यो सम्मान दिएर अभिभाकत्व प्रस्तुत गरेकोमा खुशि व्यक्त गरे । मेयर लामाले घरघर पुगेर राप्तीका शहिद परिवारलाइ सम्मान गरेका हुन । उनले खादा र कदर पत्र प्रदान गदै शहिद परिवारको त्याग र सर्मपणको स्मरण गरेका थिए ।२०८१ को गणतन्त्र दिवसको अवसरमा राप्ती नगरपालिकाले शहिद परिवारलाइ सम्मान गरेको हो । राप्तीमा २० शहिद परिवार र २ बेपत्ता परिवार रहेका छन ।

# जनतासंग मेयर विकासको लागी बजेट जसरी पनि व्यवस्थापन हुन्छ : मेयर लामा

राप्ती । राप्ती वडा नं १ को सिद्धि विनायक मन्दिरको स्तरउन्नतीको लागी स्थानीयहरु सहमत भएका छन । वडा नं १ पिप्ले वाट परेवाकोट तर्फ जाने वाटोमा रहेको सिद्धि विनायक मन्दिरमा भएको जनतासंग मेयर कार्यक्रममा मेयर लामाले मन्दिर लाइ व्यवस्थित गर्ने प्रतिवद्धता जाहेर गरेका हुन ।
स्थानीय पार्वती उप्रेतीले मन्दिरको मर्मत सम्भार देखि त्यसको स्तर उन्नतीको आवश्यक पहल गर्न अनुरोध गरेकी थिइन । उनले नगर वाट बजेट बिनियोजन गरेको १५ लाख र वडा वाट आउने भनेको १ लाख ५० हजार रुपैया वाट मन्दिर को स्तरउन्नती देखि लिएर त्यसको कम्पाउण्ड समेत गर्नुपर्ने बताइन ।
यस्तै स्थानीय समाजसेवी तथा नेकपा एमाले राप्ती नगर कमिटी वडा नं १ अध्यक्ष मनोज शर्मा प्रविनले मन्दिर को छेउमै रहेको विभिन्न क्षेत्रलाइ व्यस्थित गर्नुपर्ने र यसका लागी आवश्यक पहल हुनुपर्ने उनको भनाइ रहेको थियो ।
मन्दिरको काम रोकिएको कारण सबैभन्दा त्यसतर्फ चासो राख्नुपर्ने उनले बताए ।
राप्ती नगरपालिकाकै सुन्दर पर्यटकिय क्षेत्र परेवाकोटको मुख्यद्धारमा रहेको सो मन्दिरले आन्तारिक पर्यटकलाइ आर्कषण गर्ने उनको भनाइ रहेको थियो ।
मेयर लामाले अहिलेनै काम गर्नुपने बताए । यसअधि तयार भएको फाइल र कागजी प्रकृया भित्र सुनिएको छ । अब यसलाइ कसरी हुन्छ व्यवस्थित गर्ने गरी काम गर्नको लागी उनले निर्देशन दिए । मन्दिरलाइ सबैभन्दा पहिले सरसफाइ गर्नुपर्ने र नगरले व्यवस्थापन गरेको बजेट वाट आवश्यक कार्य सम्पादन गर्नुपर्ने उनको भनाइ रहेको छ ।

अहिले बजारमा आए जस्तो एउटा बजेट अर्को तर्फ भएको भन्ने बिषयमा ध्यान नदिन उनले आग्रह गरे । प्राथमिकता हेरी बजेट बनाइएको हुन्छ । यसकारण बजेट यताउति हुने सम्भावना न्युन हुने उनको भनाइ छ ।

लामो समय देखि राप्तीमा काग्रेस एमालेका जनप्रतिनिधिले तालावन्दि गरेपछि कयौं योजनाको फाइल थुनिएको र कार्य सम्पादनमा गाह्रो भएको लामाले बताए । वडा नं १ का अध्यक्ष सिद्धिलाल स्याङ्तानले वडाको बजेट कते प्रयोग नभएको भन्दै मन्दिरमा आवश्यक मर्मतको लागी प्रयोग गर्नुपर्ने बताए । उनले वडाको गरिमा र धार्मिक आस्था बो केको मन्दिरको स्तरउन्नतीमा आफुहरु पनि लागि पर्ने बताए ।

## सम्पादकीय

### आज गणतन्त्र दिवस

आज गणतन्त्र दिवस विभिन्न कार्यक्रम आयोजना गरी देशभर मनाइँदैछ । जननिर्वाचित पहिलो संविधानसभाबाट २०६५ जेठ १५ गते निरंकुश राजतन्त्रको विधिवत् अन्त्य गर्दै नेपालमा संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था प्रारम्भको घोषणा भएको दिनलाई गणतन्त्र दिवसको रुपमा मनाउने गरिएको छ ।
वि.सं २०६१ माघ १९ गते राजा ज्ञानेन्द्रले शासन सत्ता आफ्नै हातमा लिएपछि आन्दोलनरत सात दल र तत्कालीन सशस्त्र युद्धरत नेकपा माओवादी बीच पूर्ण लोकतन्त्र स्थापनाका लागि १२ बुँदे समझदारी भएको थियो । वि.सं २०६२ मंसिरमा १२ बुँदे समझदारीका माध्यमबाट तीन ध्रुवमा विभाजन भएका राजनीतिक शक्ति दुई ध्रुवमा आएपछि आन्दोलनले गति लियो । वि.सं २०६२ फागुनदेखि सुरु भएको निर्णायक आन्दोलनले चैतमा गति लियो । नयाँ वर्षसँगै लाखौं जनता सडकमा आए । अन्ततः तत्कालीन राजा ज्ञानेन्द्र शाहले आन्दोलनरत दलको मार्गचित्र बमोजिम वि.सं २०५९ जेठ ८ गते विघटन भएको संसद् पुनः स्थापना गर्न बाध्य हुँदै बैठकसमेत आह्वान गरे । वि.सं २०६३ जेठ ४ गते बसेको पुनर्स्थापित संसद्ले राजदरबारको अधिकार कटौती गर्दै राजसंस्थालाई निलम्बन गऱ्यो । बैठकले माओवादीलाई शान्ति प्रक्रियामा ल्याई संविधानसभा निर्वाचन गर्ने संकल्प प्रस्ताव पारित गरेको थियो । यसलाई नेपाली 'म्याग्नाकार्टा' पनि भनिन्छ । यसैको जगमा वि.सं २०६४ चैत २८ गते पहिलो संविधानसभा निर्वाचन भयो । संविधानसभाको २०६५ जेठ १५ गते बसेको पहिलो बैठकले २४० वर्षे राजसंस्थाको विधिवत् अन्त्य गऱ्यो । पहिलो संविधानसभाले संविधान जारी गर्न नसके पनि धेरै काम गरेको थियो । वि.सं २०७० मंसिर ४ गते सम्पन्न दोस्रो संविधानसभा निर्वाचनबाट निर्वाचित सभाले २०७२ असोज ३ गते संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधान जारी भयो ।

### महत्वपुर्ण सर्म्पक नम्वर

राप्ती नगरपालिका चितवन : ०५६-५५००१५
राप्ती नगर प्रमुख : ९८५५०६२२३२
राप्ती नगर उपप्रमुख : ९८५५०५०६१०
सुचना अधिकारी : दिपक थिङ : ९८६०८३६३२४
भण्डारा अस्पताल : ०५६-५५००३७
निशुल्क एम्वुलेन्स : ९८५५०५०२४५
निशुल्क रगतको लागी : ०५६-५९५९८०
जिल्ला प्रहरी कार्यालय चितवन : १००
इ. प्रहरी कार्यालय भण्डारा : ९८५५०९०३०३
दमकल :०५६५९२५४६
विद्युत प्राधिकरण भण्डारा : ०५६-५५०३६६
राप्ती उद्योग वाणिज्य संघ : ९८५५०६६३२२

सञ्चार माध्यम सर्म्पक न

हाम्रो राप्ती एफ एम : ९८५१०७४०६२
बिशाल न्युज दैनिक : ९८४३६०५३२८
सजिलो पाटी मिडिया : ९८११९८६०८७
द भ्वाइस अफ इण्डिजिनियस : ९८६५५१३५५३
द भ्वाइस अफ नगर : ९७६२३४५७४५

# मेयर लामाको नेतृत्वमा एक हजार युवा र महिलालाइ शिप मुलक तालिम




राप्ती । राप्ति २ को आधुनिक फलफुल तथा तरकारी उत्पादक कृषि सहकारीको भवन मर्मत भएपछि स्थानीय खुशि भएका छन । राप्तीको मेयर शमशेर लामाले जिर्ण अवस्थामा रहेको भवनको व्यवस्थापन र मर्मत भएपछि अहिले सहकारी भवन चिटिक्क देखिएको छ । सहकारीको भवन व्यवस्थित भएपछि सदस्य कृष्णहरी पाण्डेले मेयर लामालाइ धन्यवाद दिए । कस्तो थियो कस्तो भयो । घरघरमा सिंह दरवार भनेको यहि हो भन्दै खुशि व्यक्त गरेका हुन । नेपाल व्युटि प्याराडाइज प्रा.लिले राप्ती नगर पालिकाको सहकार्यमा तयार पारेको जनतासंग मेयर कार्यक्रमको क्रममा मेयर लामाले सहकारीको स्तर उन्नती कृषकमुखि काम गर्नको लागी पदाधिकारीलाइ निर्देशन दिएका छन । संस्थाका सदस्य पाण्डेले सहकारीको मुहार फेरिदै गएको तर यसलाइ अझ व्यवस्थित गर्नुपर्ने भन्दै सामुदायिक हलको रुपमा समेत विस्तार गर्नुपर्नेमा जोड दिए । उनले भवनलाइ सुरक्षित गर्नको लागी तारवारको व्यवस्था हुनुपर्ने र यसको लागी आगामी बजेटमा नगरले ध्यान दिनुपर्ने बताए ।

जवाफमा मेयर लामाले सहकारीलाइ आम्दानीको बाटोमा लाग्नुपर्ने र यसका लागी नगरले उत्पादन गरेको कम्पोष्टमल विक्रि वितरण गर्नुपर्ने बताए । उनले सहकारीलाइ आम्दानी पनि हुने साविक पिप्ले गाविसका जनतालाइ मलको अभाव नहुने भन्दै नगरले उत्पादन गरेको मल विक्रि वितरण गर्न अनुरोध गरे । कृषि सहकारी संस्था पनि भएको र मल विक्रि वितरण गर्दा कृषक खुशि हुने भन्दै आवश्यक समन्वय गर्न अनुरोध गरे ।

## राप्तीलाइ संघिय सरकारद्वारा ५९ करोड ४६ लाख बजेट विनियोजन

राप्ती । आगामी आर्थिक बर्षको लागी अन्तर सरकारी वित्तिय हस्तान्तरण अनुदान अर्न्तगत राप्ती नगरपालिकाले ५९ करोड ४६ लाख रूपैया अनुदान पाउने भएको छ । राप्तीका मेयर शमशेर लामाका अनुसार पछिल्लो समय मेयरको कारण बजेट रोकियो, अर्को बर्ष बजेट कम आउने भयो भन्दै प्रचार मा ल्याइएको थियो तर त्यो सत्य होइन, उनले भने जसले राप्तीलाइ बन्दक बनाएका छन उनैका कारण बजेट कम आउन सक्छ । उहाहरुकै वडामा बजेट कम जान सक्छ । राप्ती नगर पालिकाले १३ वटै वडाहरुमा बराबरी विकासको अभियान ल्याएको छ । प्राथमिकताको आधारमा कुनै योजना अघि , कुनै योजना पछि भएका हुन सक्छन तर विकासमा कहि कतैपनि कमि गरि एको छैन । तर यसरीनै नगर बन्दक हुने हो भने अव वडा वडामा विकासका लागी बजेट पठाउन गाह्रो हुन सक्छ उनले भने, चालु आर्थिक बर्षमा राप्तीको विकास नभएको भन्दै जनप्रतिनिधिलेनै प्रचार गरेका थिए । अव आउदो बर्ष बजेट घट्ने भन्दै घरघर पुगेका छन । यो गलत साबित भएको छ ।

म राप्तीको मेयर भएको कारण जनतामुखि काम गर्दै , नगरमै तालावन्दि गर्ने जनप्रतिनिधिको लागी वडा वडामा गएर विकासका काम गरिरहेको छु । हाम्रो आन्तारिक मात्र हो इन वाह्य विकास पनि सन्तोषजनक रहेको छ । अहिले राप्ती नगरपालिका, मेयर शमशेर लामा विरुद्ध उच्च अदालत पाठनमा मुद्धा परेको छ । करिब ५० जना जनप्रतिनिधिले गएको चैत्र २५ मा मुद्धा दायर गराएका हुन । त्यो भन्दा अघि फागुन ९ गते मेयर , उपमेयर र कार्यकारीको कार्यकक्षमा तालावन्दि गरेका थिए ।

मेयर र उपमेयरको कार्यकक्षमा अहिले पनि तालावन्दि रहेको छ । मेयर लामा भन्छन अव कार्यकक्ष बन्द भएपछि आफुलाइ पायक पर्ने ठाउमा बसेर काम गरिरहेको छु । जनतालाइ सेवा दिइरहेको छु । संघिय सर कारले राप्तीलाइ ५९ करोड ४६ लाख रूपैया , कालिका नगरपालिकालाइ ४५ करोड १५ लाख , खैरहनी नगरपालिकालाइ ४८ करोड ४९ लाख ,माडी नगरपालिकालाइ ४८ करोड ९९ लाख, रत्ननगर नगरपालिकालाइ ६१ करोड ३५ लाख बजेट विनियोजन भएको छ ।

## दर रेट पेश गर्ने सम्बन्धमा

दोस्रो पटक प्रकाशित

प्रस्तुत विषयमा यस राप्ती नगरपालिकाको आ.व. २०८०/०८१ मा महिला तथा बालबालिका शाखाको वार्षिक स्विकृत कार्यक्रम अन्तर्गत महिला गार्मेन्ट संचालनको लागि मेशिनहरु खरिद गर्नुपर्ने भएकोले ईच्छुक बिक्रेताहरुले के कति दर रेटमा तपसिलमा सामाग्रीहरु उपलब्ध गराउन सक्नुहुन्छ सो को विवरण सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र कार्यालय समयमा गोप्य कोटेशन उपलब्ध गराईदिनुहुन अनुरोध छ।

**तपशिलः**

| क्र.स. | विवरण | संख्या | दर रेट | जम्मा रकम |
|---|---|---|---|---|
| १. | फोर थ्रेड लक मेशिन | १ | | |
| २. | कनसाइ मेशिन | १ | | |
| ३. | कटर मेशिन | १ | | |
| ४. | सिलाई मेशिन | ४ | | |
| ५. | फ्ल्याट लक मेशिन | १ | | |
| ६. | रिब कटर | १ | | |
| ७. | कैंची | १० | | |
| ८. | टेबल (१५.६) | १ | | |
| ९. | टेबल (५.५) | १ | | |
| १० | आईरन | २ | | |
| जम्मा | | | | |

**आवश्यक कागजातहरु**

१. निवेदन, संस्था दर्ता प्रमाण-पत्रको प्रतिलिपि ।

२. स्थायी लेखा नं को प्रतिलिपि र संस्थाको गत आ.व. को करचुक्ता प्रमाण-पत्रको प्रतिलिपि ।

थप जानकारीको लागि फोन नं ९८४९६७९६४२ मा सम्पर्क गर्न सकिनेछ ।

**बोधार्थः** श्री सूचना प्रविधि शाखा नगरपालिकाको वेभसाईडमा अपलोड गरि दिनुहुन ।

"समृद्ध राप्ती नगरको आधार कृषि पर्यटन र पूर्वाधार"

**राप्ती नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

भण्डारा, चितवन

☎ : ०५६-५९००१५ इमेल : rraptimunicipality42@gmail.com वेबसाइट : www.raptimun.gov.np

## आधारभूत अचार तालिम प्रशिक्षक आवश्यक सम्बन्धी सूचना ।

प्रकाशित मितिः- २०८१/०२/१७

उपरोक्त विषयमा यस राप्ती नगरपालिकामा द्वन्द पिडीत लक्षित कार्यक्रम अन्तर्गत आधारभूत अचार सम्बन्धी ५ (पाँच) दिने सीप तालिम संचालनको लागि प्रशिक्षकको आवश्यक परेकोले योग्यता पुगेका ईच्छुक व्यक्ति वा व्यवसायिक फर्महरुले सूचना प्रकाशित भएको मितिले ५ (पाँच) दिन भित्र तपशिल बमोजिमको विवरण सहित यस नगरपालिकाको उद्यम विकास शाखामा आवेदन बुझाउन हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. अचार तालिम लिएको र अनुभव प्रमाणपत्रको प्रतिलिपी

२. व्यवसायको हकमा व्यवसाय दर्ताको प्रमाणपत्र र अडिट रिपोर्टको प्रतिलिपी

३. PAN NUMBER प्रमाणपत्रको प्रतिलिपी

४. नागरिकताको प्रमाणपत्रको प्रतिलिपी

"समृद्ध राप्ती नगरको आधार कृषि पर्यटन र पूर्वाधार"

**राप्ती नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

भण्डारा, चितवन

☎ : ०५६-५९००१५ इमेल : rraptimunicipality42@gmail.com वेबसाइट : www.raptimun.gov.np

## भुक्तानीको लागि तपशिलका कागजात संलग्न राखी पेश गर्नु हुन राप्तीवासीमा अनुरोध

उपर्युक्त सम्बन्धमा तहाँ कार्यालयबाट स्वीकृत लगत अनुमान / कार्यक्रम प्रस्तावना बमोजिम मिति २०८१। । मा सम्झौता भई कार्य सम्पन्न गरिएको योजनाको तपशिल अनुसारको चेक लिष्टमा समावेश भएको विवरण पछि सम्म फरक नपर्ने गरि भुक्तानीका लागि पेश गरिएको छ । पेश गरिएका कागजात फरक भएमा प्रचलित कानुन बमोजिम सहुँला बुझाउला भनि आफैले सहिछाप गरि मन्जुरीनामाका साथ पेश गरेको व्यहोरा अनुरोध छ ।

***तपशिल (चेक लिष्ट)***

| क्रस | कागजातको विवरण | छ | छैन | कैफियत |
|---|---|---|---|---|
| १. | स्वीकृत बजेट तथा लाभग्राही छनोट भएको निर्णय | | | |
| २. | स्वीकृत लगत अनुमान (तालिम,गोष्ठी तथा कार्यक्रमको हकमा स्वीकृत प्रस्तावना) | | | |
| ३. | उपभोक्ता समिति गठनको निर्णय | | | |
| ४. | योजना सम्झौता | | | |
| ५. | कार्यादेश | | | |
| ६. | नापी किताब | | | |
| ७. | कार्यसम्पन्न प्रतिवेदन | | | |
| ८. | गुणस्तर परिक्षण प्रतिवेदन | | | |
| ९. | अनुगमन प्रतिवेदन | | | |
| १०. | फोटो (निर्माण पूर्व, निर्माण क्रम र निर्माण पश्चात) | | | |
| ११. | हस्तक्षर र छाप भएको बिल भरपाई तथा डोर हाजिरी | | | |
| १२. | वार्ड कार्यालयको सिफारिस पत्र (सम्झौता र भुक्तानीका लागि) | | | |
| १३. | सम्बन्धित शाखाबाट सिफारिस भएको भुक्तानी टिप्पणी | | | |
| १४. | सुचना पाटी (३ लाख वा सो भन्दा माथि) | | | |
| १५. | खर्च अनुमोदन सहितको खर्च सार्वजनिकरणको माइनुटको प्रतिलिपि | | | |
| १६. | सम्बन्धित व्यक्तिका नाममा बैंक खाता खोल्न समितिले गरेको निर्णय प्रतिलिपि र बैंक चेकको प्रतिलिपि | | | |
| १७ | योजनाको प्रकृति अनुसारका अन्य विशिष्टकृत कागजात (जस्तैः सामुदायिक / मध्यवर्ती वन/ निकुन्जको सिफारिस, सडक विभागको सहमति आदि) | | | ................... |

**योजनाको नामः**

**संचालन भएको स्थान :**

**समितिका पदाधिकारीको हस्ताक्षरः** ................... **कोषाध्यक्ष** ................... **सचिव** **अध्यक्ष**

**आधिकारिक छापः**

...................

## सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

राप्ती नगरपालिका नगर कार्यपालिकाको कार्यालयबाट सम्पादन भएका विभिन्न कार्यहरुको बारेमा सेवाग्राहीहरुको राय बुझ्ने तथा सेवाग्राहीहरुलाई परेको असुविधा सम्बोधन गर्ने अभिप्रायले तपसिलको मिति, स्थान र समयमा सार्वजनिक सुनुवाई कार्यक्रमको आयोजना गरिएको हुँदा राजनितिक दल, उद्योगी, व्यवसायी, विभिन्न समितिका पदाधिकारी, उपभोक्ता समितिका पदाधिकारी, टोल विकास संस्थाका अध्यक्ष/प्रतिनिधि, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष, सहकारी संस्थाका अध्यक्ष/प्रतिनिधि, सामाजिक अभियन्ता, नागरिक समाजका प्रतिनिधि, संचारकर्मीहरु लगायत सम्बन्धित सर्वसाधारणलाई उपस्थितिका लागि सादर अनुरोध छ ।

***तपसिल***

मितिः- २०८१/२/३१ गते, विहिवार

स्थानः- राप्ती नगरपालिकाको कार्यालय सभाहल

समयः- विहान ७:३० बजे ।

बोधार्थः- सूचना प्रविधि शाखा कार्यालयको वेभसाईडमा सूचना अपलोड गर्नहुन ।

"समृद्ध राप्ती नगरको आधार कृषि पर्यटन र पूर्वाधार"

**राप्ती नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

भण्डारा, चितवन

☎ : ०५६-५९००१५ इमेल : rraptimunicipality42@gmail.com वेबसाइट : www.raptimun.gov.np

# निशुल्क एम्बुलेन्स

# ९८५५०५०२४५